
विधेयक संख्या:

बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक



२०८३

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार

उद्देश्य र कारण

नेपालको संविधानको धारा ३९ तथा धारा ३५ मा बालबालिकाको सुरक्षा, हेरचाह र सर्वोत्तम हितसम्बन्धी मौलिक हक सुनिश्चित गरिएको छ। संवैधानिक व्यवस्था, बालश्रमसम्बन्धी विभिन्न अन्तराष्ट्रिय महासन्धि र परिवर्तित सामाजिक, आर्थिक तथा संघीय संरचना अनुरूप हाल बालश्रमसम्बन्धी व्यवस्था गर्ने प्रचलित कानूनहरू समयानुकूल अद्यावधिक हुन नसकेको अवस्थामा बालश्रम निवारणका लागि पर्याप्त एवं प्रभावकारी कानूनी व्यवस्था गर्न ती कानूनहरूलाई संशोधन र एकीकरण गरी एउटै व्यवस्थित कानुनी ढाँचामा ल्याउनु आवश्यक देखिएकोले यो विधेयक ल्याइएको हो। यसमा न्युनतम उमेर नपुगेका बालबालिकालाई काममा लगाउन निषेध गर्नुका साथै कानून बमोजिम काममा लगाउदा सूचना तथा विवरण दिने, स्वास्थ्य परीक्षण गराउने, तालिम, कार्यघण्टा, पारिश्रमिक तथा सुविधा सम्बन्धी रोजगारदाताले पालना गर्नुपर्ने दायित्वका साथै निरीक्षण, पुनर्स्थापना, कसूर र सजाय, क्षतिपूर्ति, अनुसन्धान र मुद्दा दायरी सम्बन्धी व्यवस्थाहरू पनि समेटिएका छन्, जसले बालश्रम निषेध र नियमनलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काम वा व्यवसायमा लगाउन निषेध गर्न तथा बालबालिकालाई अन्य काममा लगाउँदा निजको स्वास्थ्य, सुरक्षा, नैतिकता र शैक्षिक क्रियाकलाप तथा विकासमा असर नपर्ने गरी त्यस्तो कामलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न आवश्यक भएकोले बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्नु परेको हो ।

(रामजी यादव)
मन्त्री
युवा, श्रम तथा रोजगार मन्त्रालय

आर्थिक टिप्पणी

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ कार्यन्वयनमा रहेको र प्रस्तुत विधेयकमा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने कुनै संरचना वा कार्यक्रम प्रस्ताव नगरिएकोले प्रस्तावित विधेयक हाल विद्यमान प्रशासनिक संरचना तथा सांगठनिक संरचनाबाट नै कार्यन्वयन गर्न सकिने भएकोले यस विधेयकबाट नेपाल सरकारलाई कुनै थप दायित्व पर्ने अवस्था देखिदैन।

(रामजी यादव)
मन्त्री
युवा, श्रम तथा रोजगार मन्त्रालय

प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी

बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा रहेका प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी देहाय बमोजिम रहेको छ :-

क्र.स	दफा	प्रत्यायोजित विधायनको कारण	प्रत्यायोजित विधायन अन्तर्गत बनाइने कानूनको प्रकृति र सिमा	प्रत्यायोजित विधायनबाट पर्न सक्ने प्रभाव
१	**दफा ११ को उपदफा (२)**	बालबालिकाको सुरक्षा र स्वास्थ्य सम्बन्धी विस्तृत मापदण्ड प्राविधिक प्रकृतिका हुने, व्यवसाय र कार्यस्थलको प्रकृति अनुसार फरक-फरक हुनसक्ने, विज्ञान-प्रविधिको विकाससँगै समय-समयमा परिमार्जन गर्नुपर्ने र ऐनलाई सामान्यतया नीतिगत तथा आधारभूत व्यवस्थामै सीमित राख्न उपयुक्त हुने भएकाले यसरी प्रत्यायोजित विधायन गरिएको हो।	**प्रकृतिः** नेपाल सरकारले "नियम" को रूपमा बनाउनेछ। यसले बालबालिकाको सुरक्षा तथा स्वास्थ्यसँग सम्बन्धित विस्तृत मापदण्ड, कार्यविधि र न्यूनतम सुरक्षा उपायहरू निर्धारण गर्नेछ। **सीमाः** यस्तो नियम निम्न सीमाभित्र रही मात्र बनाउन सकिनेछः • ऐनको उद्देश्य, नीति र भावना विपरीत हुन नहुने, • ऐनले प्रदान गरेको अधिकार क्षेत्रभन्दा बाहिर गई नयाँ कसुर, सजाय वा मौलिक हक कटौती जस्ता ऐनको अधिकारक्षेत्र भन्दा बाहिरका विषय समावेश गर्न नपाइने, • संविधान र प्रचलित कानूनसँग बाझिन नहुने, बाझिएमा त्यो हदसम्म स्वतः अमान्य हुने।	• प्रविधि, विज्ञान र अन्तर्राष्ट्रिय असल अभ्यासको विकाससँगै मापदण्ड समय-समयमा सजिलै अद्यावधिक गर्न सकिने भएकाले बालबालिकाको सुरक्षा तह निरन्तर सुधार्न सकिन्छ। • ऐन संशोधनको झन्झटिलो र लामो प्रक्रियाबिना छिटो र प्रभावकारी रूपमा नयाँ आवश्यकता परिपूर्ति गर्न सकिने।
२	**दफा ३१ को उपदफा (३)**	राष्ट्रिय बालश्रम निवारण समितिको संरचना र प्रतिनिधित्व (सरकारी, गैह्रसरकारी,	**प्रकृतिः** नेपाल सरकारले "नियम" को रूपमा बनाउनेछ। यसले राष्ट्रिय बालश्रम निवारण समितिको गठन, सदस्य संख्या,	• समितिको संरचना र प्रतिनिधित्व आवश्यकता र परिस्थिति अनुसार लचिलो रूपमा तय गर्न

		रोजगारदाता, श्रमिक सङ्गठन तथा विशेषज्ञ) समय र आवश्यकता अनुसार परिमार्जन गर्नुपर्ने हुने, यस्तो संस्थागत तथा कार्यविधिगत विवरण प्राविधिक तथा व्यवस्थापकीय प्रकृतिको हुने भएकाले ऐनमा किटानी नगरी समयसापेक्ष बनाई तोक्ने अधिकार दिनु उपयुक्त देखिने र ऐनलाई नीतिगत तथा आधारभूत व्यवस्थामै सीमित राख्न उपयुक्त हुने भएकाले यसरी प्रत्यायोजित विधायन गरिएको हो।	प्रतिनिधित्वको अनुपात, बैठक सञ्चालन प्रक्रिया र समितिका काम, कर्तव्य तथा अधिकार निर्धारण गर्नेछ। **सीमा:** यस्तो नियम निम्न सीमाभित्र रही मात्र बनाउन सकिनेछ: • ऐनको उद्देश्य र भावना विपरीत हुन नहुने, • दफा ३१ को उपदफा (२) मा उल्लिखित समुचित प्रतिनिधित्वको सिद्धान्त (सरकारी, गैह्रसरकारी संस्था, रोजगारदाता, श्रमिक सङ्गठन र विशेषज्ञ) कायम राखी मात्र विस्तृत संरचना तय गर्न पाइने, यो सिद्धान्तलाई नै हटाउन वा साँघुर्याउन नहुने, • संविधान र प्रचलित कानूनसँग नबाझिने, बाझिएमा त्यो हदसम्म स्वतः अमान्य हुने	सकिने भएकाले सरकारी, गैह्रसरकारी, रोजगारदाता, श्रमिक सङ्गठन र विशेषज्ञ बीच सन्तुलित र व्यावहारिक प्रतिनिधित्व सुनिश्चित गर्न सजिलो हुन्छ। • समितिको कार्यविधि समय-समयमा परिमार्जन गरी बदलिँदो आवश्यकता र अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूप बनाउन सकिने। • ऐन संशोधन नगरी नै समितिको कार्यक्षेत्र वा संरचनामा आवश्यक सुधार गर्न सकिने भएकाले प्रक्रिया छिटो र सहज हुन्छ।
३	**दफा ३२ को उपदफा (४)**	बालश्रम निवारण कोषको सञ्चालन र व्यवस्थापन आर्थिक तथा प्रशासनिक व्यवस्थापकीय विषय भएकाले यस्तो विवरण ऐनमा किटानी गर्नुभन्दा प्रचलित आर्थिक	**प्रकृतिः** दफा ३२(४) बमोजिम बन्ने कानून प्रकृतिमा आर्थिक तथा प्रशासनिक व्यवस्थापकीय प्रकृतिको हुनेछ, जुन नेपाल सरकारले "नियम" को रूपमा बनाउनेछ। यसले कोषको खाता सञ्चालन, रकम सङ्कलन र भुक्तानी प्रक्रिया, लेखा राख्ने तरिका,	• कोषको सञ्चालन प्रक्रिया, लेखा प्रणाली र खर्च गर्ने अधिकार स्पष्ट र व्यवस्थित ढाँचामा तर्जुमा गर्न सकिने भएकाले कोषको पारदर्शी र

		कार्यविधि तथा कोष व्यवस्थापन सम्बन्धी अन्य कानूनसँग तादात्म्य मिलाई समय-समयमा परिमार्जन गर्नुपर्ने आवश्यकता पर्ने र ऐनलाई नीतिगत तथा आधारभूत व्यवस्थामै सीमित राख्न उपयुक्त हुने भएकाले यसरी प्रत्यायोजित विधायन गरिएको हो।	लेखापरीक्षण, रकम खर्च गर्न सक्ने अधिकारी र सीमा तथा कोष सञ्चालन गर्ने समिति वा संयन्त्रको व्यवस्था गर्नेछ। **सीमाः** यस्तो नियम निम्न सीमाभित्र रही मात्र बनाउन सकिनेछः • ऐनको उद्देश्य (बालबालिकाको उद्धार, राहत, पुनर्स्थापना लगायत सर्वोत्तम हित) विपरीत हुन नहुने र कोषको रकम सोही प्रयोजनमा मात्र खर्च हुने गरी व्यवस्था गर्नुपर्ने, • उपदफा (३) बमोजिम अन्तर्राष्ट्रिय सङ्घ/संस्थाबाट प्राप्त रकमको हकमा अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्ने ऐनको शर्तलाई खुम्च्याउन वा हटाउन नपाइने, • प्रचलित आर्थिक कार्यविधि ऐन, सार्वजनिक खरिद ऐन तथा लेखा सम्बन्धी अन्य कानूनसँग नबाझिने गरी मात्र व्यवस्था गर्न पाइने,	प्रभावकारी सञ्चालन सम्भव हुन्छ। • आवश्यकता र परिस्थिति अनुसार कोष व्यवस्थापनका नियमहरू ऐन संशोधन नगरी नै छिटो परिमार्जन गर्न सकिने।

बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

दफा नं.	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
१	संक्षिप्त नाम र प्रारम्भ	ऐनको नाम "बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०८३" तोकिएको र प्रमाणीकरणको ३१ दिनपछि प्रारम्भ हुने व्यवस्था गरिएको छ।
२	परिभाषा	विधेयकमा प्रयोग भएका “अनुसन्धान अधिकृत", "कार्यालय", "चिकित्सक", "जोखिमपूर्ण काम वा व्यवसाय", "प्रतिष्ठान", "बालबालिका", "रोजगारदाता", "व्यवस्थापक", "श्रमिक", "संरक्षक " लगायतका शब्दावलीहरुका अर्थ स्पष्टता पारिएको छ ।
३	बालबालिकालाई काममा लगाउन नहुने	बालबालिकालाई शोषणमूलक, जोखिमपूर्ण कामबाट संरक्षण गर्न १५ वर्षमुनिका बालबालिकालाई बालविकाससँग सम्बद्ध बाहेक अन्य काममा लगाउन निषेध; १३ वर्ष पूरा भएकालाई सर्तसहित हलुका काम (अनुसूची-१) मा लगाउन सकिने; कसैलाई पनि जोखिमपूर्ण काम (अनुसूची-२) मा लगाउन नपाइने व्यवस्था गरिएको छ।
४	बालबालिकालाई इच्छा विपरित श्रममा लगाउन नपाइने	कुनै पनि प्रकारको छल, प्रलोभन, त्रास वा दबाबमा पारी बालबालिकालाई श्रमिक बनाउन निषेध गरिएको छ।
५	सूचना दिनुपर्ने	बालबालिकालाई जोखिमपूर्ण काममा लगाए नलगाएको सम्बन्धमा सूचना संकलन गरी अभिलेखिकरण गर्नका लागि जोखिमपूर्ण काम/व्यवसाय सञ्चालन गर्ने रोजगारदाताले ३० दिनभित्र कार्यालयलाई विवरणसहित लिखित सूचना दिनुपर्ने; स्थानीय तहमार्फत पनि दिन सकिने व्यवस्था गरिएको छ।
६	विवरण दिनुपर्ने	बालबालिकालाई काममा लगाएको सम्बन्धी विवरण अभिलेखिकरण गर्न बालबालिकालाई काममा लगाउने रोजगारदाताले तस्वीरसहित विस्तृत विवरण (नाम, ठेगाना, उमेर, पारिश्रमिक, स्वास्थ्य परीक्षण प्रतिवेदन आदि) स्थानीय तहमार्फत कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।
७	स्वास्थ्य परीक्षण गराउनु पर्ने	बालबालिकाको स्वास्थ्य अवस्था अनुकुल काममा लगाउन काममा लगाउनुअघि र वार्षिक रूपमा स्वास्थ्य परीक्षण गराई प्रतिवेदन पेस

		गर्नुपर्ने; स्वास्थ्य प्रतिकूल देखिए काममा लगाउन नहुने; खर्च रोजगारदाताले नै बेहोर्नुपर्ने व्यवस्था गरिएको छ।
८	सीप तथा तालिम दिनुपर्ने	व्यवसाजयन्य दुर्घटना न्यूनिकरण गर्न काममा लगाउनु अघि आवश्यक सीप र योग्यता विकासको तालिम दिनुपर्ने व्यवस्था गरिएको छ।
९	बढी समय काममा लगाउन नहुने	बालबालिकालाई शोषणबाट संरक्षण गर्न राति ६ बजेदेखि बिहान ६ बजेसम्म काममा लगाउन निषेध (सर्तसहित सांस्कृतिक कार्यक्रम अपवाद); दैनिक ६ घण्टा/साप्ताहिक ३६ घण्टाभन्दा बढी काम गराउन नपाइने (हलुका काममा दैनिक २ घण्टा/साप्ताहिक १२ घण्टाको सीमा); ३ घण्टापछि आधा घण्टा विश्राम र हप्तामा एक दिन सवैतनिक बिदा अनिवार्य; एकैदिन एकभन्दा बढी ठाउँमा काम लगाउन निषेध गरिएको छ।
१०	पारिश्रमिक र सुविधा	कानून बमोजिम बालबालिकाले काम गरे वापत पाउने पारिश्रमिक र सुविधाको ग्यारेण्टी गर्न लिङ्ग, वर्ण, धर्म, जातका आधारमा भेदभाव नगरी समान काममा समान पारिश्रमिक; प्रचलित श्रम कानूनभन्दा कम नहुने पारिश्रमिक/भत्ता; सामाजिक सुरक्षा कोषमा आवद्धता अनिवार्य गर्नु पर्ने व्यवस्था गरिएको छ।
११	बालबालिकाको सुरक्षा र स्वास्थ्य	कार्यस्थलमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यका दृष्टिले बालबालिकालाई स्वस्थ र सुरक्षित राख्न रोजगारदाताले तोकिएको सुरक्षा तथा स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने व्यवस्था गरिएको छ।
१२	दर्ता किताव राख्नुपर्ने	काममा संलग्न बालबालिकाहरुको तथ्याङ्क अद्यावधिक गर्न काममा लगाइएका बालबालिकाको विस्तृत विवरणसहितको दर्ता किताब राख्नुपर्ने र निरीक्षणका बेला उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ।
१३	सूचना तथा स्वघोषणा टाँस्नु पर्ने	सर्वसाधारण सवैमा सूचना प्रदान गरी पारदर्शिता कायम गर्न बालबालिकासम्बन्धी कानुनी व्यवस्था र सजायको जानकारी सूचना पाटीमा टाँस्नुपर्ने; प्रतिष्ठानले ३० दिनभित्र स्वघोषणा पेस गरी सार्वजनिक स्थानमा टाँस्नुपर्ने व्यवस्था राखिएको छ।
१४	निरीक्षण गर्ने	यो ऐन विपरित बालबालिकालाई काममा नलाएको यकिन गर्न कार्यालय वा स्थानीय तहले कम्तीमा ३ महिनामा एक पटक कार्यस्थलको निरीक्षण गर्नुपर्ने; उजुरी वा जानकारी प्राप्त भएमा तत्काल

		निरीक्षण खटाउनुपर्ने; रोजगारदाताले सहयोग गर्नुपर्ने व्यवस्था गरिएको छ।
१५	कामबाट अलग गराउने	कानून विपरित काममा संलग्न बालबालिकालाई संरक्षण गर्न कानुनविपरीत काममा लगाइएको पाइए तत्काल कामबाट अलग गराई बाबुआमा/संरक्षकको जिम्मा लगाउने आदेश; संरक्षक नभेटिए अस्थायी संरक्षण सेवाको प्रबन्ध; खर्च रोजगारदाताले बेहोर्ने व्यवस्था राखिएको छ।
१६	बालबालिकाको पुनर्स्थापना	उद्धार गरिएका बालबालिकाको उचित पारिवारिक पुर्नमिलन तथा सामाजिक पुर्नस्थापना गर्न, अस्थायी संरक्षणमा रहेका बालबालिकाको स्थानीय तहले वैकल्पिक हेरचाहको व्यवस्था गरी १८ वर्ष नपुगुन्जेल पुनर्स्थापना गर्नुपर्ने; सरकारले पुनर्स्थापना केन्द्र सञ्चालन गर्न सक्ने बेहोर्ने व्यवस्था राखिएको छ।
१७	निरीक्षण प्रतिवेदन	रोजगारदाताले ऐन बमोजिम काम कारवाही गरे नगरेको सम्वन्धमा विस्तृत विवरण तयार गर्न, निरीक्षणपछि ७ दिनभित्र उल्लङ्घन, गरिएका कारबाही, सम्भावित सजाय र पीडित बालबालिकालाई पुगेको हानिको विवरणसहित प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था राखिएको छ।
१८	कार्यालयले आदेश दिने	रोजगारदाताले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम व्यवस्था नगरेको देखिए बढीमा १५ दिनको म्याद तोकी सुधार गर्न आदेश दिने व्यवस्था राखिएको छ।
१९	सुविधा रोक्का राख्ने	कानूनको परिपालना गराउन आदेश पालना नगरे रोजगारदाताले पाउने सरकारी सुविधा रोक्का राख्न सम्बन्धित निकायलाई लेखी पठाउने व्यवस्था राखिएको छ।
२०	कसूर तथा सजाय	यो ऐन विपरित बालबालिकालाई काममा लगाएको अवस्थामा आवश्यक दण्ड र सजायको व्यवस्थाका गर्न उल्लङ्घनको गम्भीरता अनुसार ३ महिनादेखि १ वर्षसम्म कैद वा १ देखि २ लाख रुपैयाँसम्म जरिबाना वा दुवै; पटके कसूरमा दोब्बर सजायको व्यवस्था गरिएको छ।
२१	बालबालिकाको समूह बनाई काममा लगाएमा थप जरिबाना हुने	सामुहिक रुपमा बालबालिकालाई कानून विपरित काममा लगाउन निरुत्सहित गर्न दुई वा दुईभन्दा बढी बालबालिका समूह बनाई लगाएमा प्रत्येक बालबालिका बापत थप ५० हजार रुपैयाँ जरिबानाको व्यवस्था गरिएको छ।

२२	उजुरी दिनसकिने	पीडित बालबालिका वा निजका परिवार/अन्य व्यक्तिले कार्यालय वा स्थानीय तहमा उजुरी दिन सक्ने; ६ महिनाभित्र दिनुपर्ने; उजुरीकर्ताको नाम-ठेगाना गोप्य राखिने ।
२३	जरिबाना गर्नसक्ने	अन्य साना उल्लङ्घनमा कार्यालय प्रमुखले सफाइको मौका दिई बढीमा ५० हजार रुपैयाँसम्म जरिबाना गर्न सक्ने व्यवस्था गरिएको छ।
२४	क्षतिपूर्ति भराइदिने	पिडित पक्षलाई उचित राहत एवं क्षतिपूर्ति प्रदान गर्न पीडित बालबालिकालाई पुगेको शैक्षिक, स्वास्थ्य र पारिवारिक हानिको आधारमा अदालत वा कार्यालय प्रमुखले रोजगारदातासँग मनासिब क्षतिपूर्ति भराउने व्यवस्था गरिएको छ।
२५	कसुरको अनुसन्धान	कानून विपरित कसूरको सम्बन्धमा सत्य तथ्य पत्ता लगाई प्राप्त सबुत प्रमाणको आधारमा कानून बमोजिम दण्ड सजाय गर्न कार्यालय प्रमुखले तृतीय श्रेणीको कर्मचारीलाई अनुसन्धान अधिकृत तोक्ने; आवश्यकतामा सुरक्षा निकायको सहयोग लिन सक्ने व्यवस्था गरिएको छ।
२६	मुद्दाको दायरी	अनुसन्धानपछि सरकारी वकील कार्यालयमार्फत मुद्दा चल्ने/नचल्ने निर्णय; ३० दिनभित्र मुद्दा दायर गर्नुपर्ने प्रक्रिया विस्तृत रूपमा तोकिएको छ।
२७	मुद्दा हेर्ने अधिकारी	सम्बन्धित जिल्ला अदालतले मुद्दाको कारबाही र किनारा गर्ने व्यवस्था गरिएको छ। ।
२८	पुनरावेदन	जिल्ला अदालतको फैसलाविरुद्ध ३५ दिनभित्र उच्च अदालतमा; कार्यालय प्रमुखको जरिबानाविरुद्ध ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था गरिएको छ।
२९	नेपाल सरकार वादी हुने	दफा २० बमोजिमको कसुर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुने व्यवस्था गरिएको छ।
३०	बालबालिकाको वास्तविक उमेरको गणना	उमेरसम्बन्धी विवाद परेमा प्राथमिकताक्रम अनुसार निर्धारण गर्ने व्यवस्था: पहिलो जन्मदर्ता प्रमाणपत्र, त्यो नभए स्वास्थ्य संस्थाको जन्म प्रमाणपत्र, त्यो पनि नभए विद्यालयको चारित्रिक प्रमाणपत्र वा भर्ना किताबको प्रमाणित जन्ममिति, र अन्तिम विकल्पका रूपमा चिकित्सकद्वारा गरिने स्वास्थ्य परीक्षणबाट निर्धारित उमेरलाई आधार मानिने व्यवस्था राखिएको छ।

३१	राष्ट्रिय बालश्रम निवारण समिति	काममा संलग्न बालबालिकाको स्वास्थ्य, सुरक्षा, शिक्षा र व्यावसायिक तालिमको अवस्था मूल्याङ्कन गरी उपयुक्त व्यवस्थाहरु सुझाव गर्न र बालश्रम निषेध र नियमित गर्ने सम्बन्धमा आवश्यक राय सुझाव प्रदान गर्न बालश्रम निषेध र नियमनसम्बन्धी राय-सुझाव दिन एउटा राष्ट्रिय समिति गठन गर्ने व्यवस्था; सरकारी, गैरसरकारी संस्था, रोजगारदाता र श्रमिक सङ्गठन तथा विशेषज्ञको समुचित प्रतिनिधित्व सुनिश्चित; समितिको काम, कर्तव्य, अधिकार र कार्यविधि तोकिएबमोजिम हुने व्यवस्था गरिएको छ। ।
३२	बालश्रम निवारण कोष	नेपाल सरकारले यो ऐन विपरित काममा संलग्न बालबालिकाको उद्धार, राहत, पुनर्स्थापना लगायत बालबालिकाको सर्वोत्तम हितका लागि आवश्यक व्यवस्था गर्न ऐन विपरीत काममा संलग्न बालबालिकाको उद्धार, राहत र पुनर्स्थापनाका लागि नेपाल सरकारले कोष स्थापना गर्न सक्ने; कोषमा सरकारी अनुदान, स्वदेशी सहयोग र अन्तर्राष्ट्रिय सहयोग रकम जम्मा हुने (अन्तर्राष्ट्रिय सहयोगका लागि अर्थ मन्त्रालयको पूर्वसहमति अनिवार्य); कोषको सञ्चालन तोकिएबमोजिम हुने व्यवस्था गरिएको छ। ।
३३	निर्देशन दिन सक्ने	यो ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यालय वा बाल कल्याण अधिकारी वा स्थानीय तहले रोजगारदाता, बालगृह र बालबालिकाको हेरचाह गर्ने संस्थालाई बालबालिकाको हक, हित र सुरक्षाको लागि मौखिक वा लिखत रूपमा आवश्यक निर्देशन दिन सक्ने; त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुने व्यवस्था गरिएको छ।
३४	सूचना तथा तथ्याङ्कको एकीकृत अभिलेख	तीन तहको सरकार र अन्य सरोकारवालाहरुसंग आवश्यक समन्वय र सहकार्य सम्वन्धी व्यवस्था गर्न तीनै तहका सरकारले ऐनबमोजिम भएका काम-कारबाहीको अभिलेख राख्नुपर्ने; स्थानीय तहले प्रदेशको सम्बन्धित मन्त्रालयलाई पठाउनुपर्ने; मन्त्रालयले राष्ट्रिय रूपमा एकीकृत अभिलेख राख्ने व्यवस्था गरिएको छ। ।
३५.	अनुसूचीमा हेरफेर गर्नसक्ने	समय सापेक्ष अनुसूचीमा आवश्यक संशोधन सम्वन्धी व्यवस्थन गर्न मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकतानुसार संशोधन गर्न सक्ने, यसले ऐन संशोधन नगरिकनै समयानुकूल अद्यावधिक गर्ने लचिलोपन दिन्छ।

३६.	नियम बनाउने अधिकार	ऐन कार्यान्वयनका लागि नेपाल सरकारलाई आवश्यक नियम बनाउने अधिकार प्रदान गरिएको।
३७.	निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनसक्ने	ऐन र नियमावलीको कार्यान्वयनमा सहज बनाउन ऐन र सोअन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयलाई थप विस्तृत निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकार दिइएको, कार्यान्वयनको प्राविधिक पक्षलाई सहज बनाउने प्रावधान ।
३८.	खारेजी र बचाउ	साविकको ऐन अनुसार भएका काम कारवाहीलाई बैद्यता दिई खारेजी सम्वन्धी व्यवस्था गर्न

बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना : बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काम वा व्यवसायमा लगाउन निषेध गर्न तथा बालबालिकालाई अन्य काममा लगाउँदा निजको स्वास्थ्य, सुरक्षा, नैतिकता र शैक्षिक क्रियाकलाप तथा विकासमा असर नपर्ने गरी त्यस्तो कामलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौँ दिनबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुसन्धान अधिकृत" भन्नाले यो ऐन बमोजिम दायर हुने मुद्दाको अनुसन्धान गर्न दफा २५ बमोजिम तोकिएको अनुसन्धान अधिकृत सम्झनुपर्छ।

(ख) "कार्यालय" भन्नाले श्रम तथा रोजगारसम्बन्धी विषय हेर्ने नेपाल सरकारको कार्यालय सम्झनुपर्छ।

(ग) "चिकित्सक" भन्नाले प्रचलित कानूनबमोजिम मान्यता प्राप्त चिकित्सक सम्झनुपर्छ।

(घ) "जोखिमपूर्ण काम वा व्यवसाय" भन्नाले दफा ३ को उपदफा (३) बमोजिमको जोखिमपूर्ण काम वा व्यवसाय सम्झनुपर्छ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(च) "प्रतिष्ठान" भन्नाले मुनाफा आर्जन गर्ने वा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापना, संस्थापना दर्ता वा गठन भएको वा सञ्चालनमा रहेको कुनै कम्पनी, प्राइभेट फर्म, साझेदारी फर्म, सहकारी संस्था वा सङ्घ वा अन्य संस्था सम्झनुपर्छ।

(छ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले श्रम, रोजगारसम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनुपर्छ।

(झ) "रोजगारदाता" भन्नाले बालबालिकालाई श्रमिकको रुपमा काममा लगाउने व्यक्ति वा प्रतिष्ठान सम्झनुपर्छ र सो शब्दले प्रतिष्ठानको हकमा व्यवस्थापकलाई तथा आपूर्ति गरिएको श्रमिकको हकमा श्रमिक आपूर्तिकर्तालाई समेत जनाउँछ।

(ञ) "व्यवस्थापक" भन्नाले प्रतिष्ठानको कार्यकारी प्रमुख सम्झनुपर्छ र सो शब्दले अन्तिम जिम्मेवारी वहन गर्ने वा अधिकार प्रयोग गर्ने गरी नियुक्त कुनै शाखा वा इकाईको प्रमुखलाई समेत जनाउँछ।

(ट) "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार, कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाइएको व्यक्ति सम्झनुपर्छ।

(ठ) "संरक्षक" भन्नाले बालबालिकाको हक, हितको संरक्षण गर्न प्रचलित कानूनबमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्झनुपर्छ र सो शब्दले प्रचलित कानूनबमोजिम नियुक्त गरिएको माथवर व्यक्तिलाई समेत जनाउँछ।

परिच्छेद- २
<u>बालबालिकालाई काममा लगाउने सम्बन्धी व्यवस्था</u>

३. <u>**बालबालिकालाई काममा लगाउन नहुने**</u> : (१) कसैले पनि पन्ध्र वर्ष उमेर पूरा नगरेका बालबालिकालाई बालविकाससँग सम्वन्धित काममा बाहेक अन्य काममा लगाउनु हुँदैन।

<u>**स्पष्टीकरण**</u> : यस उपदफाको प्रयोजनको लागि "बालबिकाससँग सम्बन्धित काम" भन्नाले बालबालिकाको शारीरिक वृद्धि र विकासका साथै मानसिक, बौद्धिक, संवेगात्मक, शैक्षिक र सामाजिक विकाससँग सम्बन्धित काम सम्झनुपर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तेह्र वर्ष उमेर पूरा भएका बालबालिकालाई निजको शैक्षिक क्रियाकलाप तथा विकासमा असर नपर्ने गरी बालबालिका स्वयम् र निजको बाबु, आमा वा संरक्षकको सहमति लिई विद्यालय समय अघि, पछि वा बिदाको समयमा अनुसूची-१ बमोजिमका हलुका किसिमका काममा लगाउन सकिनेछ।

(३) कसैले पनि बालबालिकालाई निजको शारीरिक वा मानसिक स्वास्थ्य, सुरक्षा, नैतिकता र शैक्षिक क्रियाकलाप तथा विकासमा नकारात्मक असर पर्ने अनुसूची-२ बमोजिमका जोखिमपूर्ण काम वा व्यवसायमा लगाउनु हुँदैन।

४. **<u>बालबालिकालाई इच्छा विपरीत काममा लगाउन नहुने</u>** : कसैले पनि बालबालिकालाई ललाई, फकाई वा झुक्याएर वा कुनै डर, त्रास वा दवाब वा प्रलोभनमा पारी, सम्भावित क्षतिको भय महसुस हुने गरी वा अन्य कुनै तरिकाले निजको इच्छा विपरीत श्रमिकको रूपमा काममा लगाउनु हुँदैन।

५. **<u>सूचना दिनुपर्ने</u>** : (१) जोखिमपूर्ण काम वा व्यवसाय सञ्चालन गर्ने रोजगारदाताले त्यस्तो काम वा व्यवसाय सञ्चालन गरेको मितिले तिस दिनभित्र देहायको विवरण खुलाई कार्यालयलाई लिखित सूचना दिनु पर्नेछ :-

(क) रोजगारदाताको नाम र ठेगाना,

(ख) कार्यस्थलको ठेगाना,

(ग) रोजगारदाताले सञ्चालन गरेको काम वा व्यवसायको प्रकृति, र

(घ) तोकिए बमोजिमका अन्य विवरण।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत जोखिमपूर्ण काम वा व्यवसाय सञ्चालन गरिरहेका रोजगारदाताले यो ऐन प्रारम्भ भएको मितिले तिस दिन भित्र उपदफा (१) बमोजिमको विवरण खुलाई कार्यालयलाई लिखित सूचना दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको सूचना सम्बन्धित स्थानीय तह मार्फत दिन सकिनेछ र त्यस्तो सूचना प्राप्त भएमा स्थानीय तहले कार्यालयमा पठाइ दिनु पर्नेछ।

६. **<u>विवरण दिनुपर्ने</u>** : (१) यस ऐनबमोजिम बालबालिकालाई काममा लगाउने रोजगारदाताले त्यसरी काममा लगाएको तिस दिनभित्र त्यस्तो बालबालिकाको तस्वीर सहित देहायका विषयहरू खुलाइएको विवरण सम्बन्धित स्थानीय तह मार्फत कार्यालयमा पेस गर्नु पर्नेछ :-

(क) रोजगारदाताको नाम र ठेगाना,

(ख) प्रतिष्ठान रोजगारदाता भएकोमा त्यस्तो प्रतिष्ठान सञ्चालन भएको मिति,

(ग) रोजगारदाताद्वारा सञ्चालित काम वा व्यवसाय,

(घ) बालबालिकाको नाम, ठेगाना र उमेर,

(ङ) बालबालिकाको बाबु, आमा वा संरक्षकको नाम र ठेगाना,

(च) बालबालिकालाई काममा लगाईएको मिति,

(छ) बालबालिकाले गर्नुपर्ने कामको प्रकृति,

(ज) बालबालिकालाई रोजगारदाताले आफ्नो आवासमा राखी काममा लगाएको भए खाना तथा बसोबासको सुविधा,

(झ) बालबालिकाले पाउने पारिश्रमिक तथा अन्य सुविधाहरू,

(ञ) बालबालिकाको स्वास्थ्य परीक्षण प्रतिवेदन, र

(ट) तोकिए बमोजिमका अन्य विवरण।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत बालबालिकालाई काममा लगाई राखेको रोजगारदाताले यो ऐन प्रारम्भ भएको मितिले तिस दिनभित्र उपदफा (१) बमोजिमको विवरण स्थानीय तहमार्फत कार्यालयमा पेस गर्नु पर्नेछ।

७. **स्वास्थ्य परीक्षण गराउनुपर्ने** : (१) रोजगारदाताले बालबालिकालाई काममा लगाउनु अघि र काममा लगाएपछि वार्षिक रूपमा स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराई सोको प्रतिवेदन सम्बन्धित स्थानीय तहमार्फत कार्यालयमा पेस गर्नु पर्नेछ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "स्वास्थ्य संस्था" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका अस्पताल वा स्वास्थ्य संस्था सम्झनुपर्छ र सो शब्दले प्रचलित कानूनबमोजिम अनुमति लिई सञ्चालन भएका निजी अस्पताल वा शिक्षण अस्पताललाई समेत जनाउँछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य परीक्षण गराउँदा बालबालिकाको स्वास्थ्य अवस्था प्रतिकूल देखिएमा निजलाई काममा लगाउनु हुँदैन।

(३) उपदफा (१) बमोजिम स्वास्थ्य परीक्षण गराउँदा लाग्ने सम्पूर्ण खर्च रोजगारदाताले व्यहोर्नु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत बालबालिकालाई काममा लगाई राखेको रोजगारदाताले यो ऐन प्रारम्भ भएको मितिले तिस दिनभित्र उपदफा (१) बमोजिमको स्वास्थ्य परीक्षण गराई सोको प्रतिवेदन सम्बन्धित स्थानीय तहमार्फत कार्यालयमा पेस गर्नु पर्नेछ।

८. **सीप तथा तालिम दिनुपर्ने** : रोजगारदाताले बालबालिकालाई काममा लगाउनु अघि निजले गर्नुपर्ने कामसँग सम्बन्धित सीप तथा योग्यता विकासको लागि आवश्यक तालिम दिनु पर्नेछ।

९. **बढी समय काममा लगाउन नहुने** : (१) रोजगारदाताले यस ऐनबमोजिम बालबालिकालाई काममा लगाउँदा बेलुका छ बजेदेखि बिहान छ बजे सम्मको अवधिभर काममा लगाउनु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रात्रिकालीन समयमा गरिने धार्मिक तथा सामाजिक सांस्कृतिक कार्यक्रम वा नाटक जस्ता कार्यक्रममा बालबालिकालाई सहभागी गराउनुपर्ने भएमा निजको बाबु, आमा वा संरक्षकको स्वीकृतिमा नजिकको स्थानीय तहको अनुमति लिई सुरक्षित वातावरणमा त्यस्तो कार्यक्रममा सहभागी गराउन सकिनेछ।

(३) उपदफा (१) बमोजिम बालबालिकालाई काममा लगाउँदा दिनमा छ घण्टा र एक सप्ताहमा छत्तिस घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउन हुँदैन।

तर दफा ३ को उपदफा (२) बमोजिम रोजगारदाताले तेह्र वर्ष उमेर पूरा भई पन्ध्र वर्ष नपुगेका बालबालिकालाई अनुसूची-१ बमोजिमका हलुका किसिमको काममा लगाउँदा नियमित शैक्षिक क्रियाकलाप तथा विकासमा असर नपर्ने गरी विद्यालय समय बाहेक दिनमा दुई घण्टा र एक सप्ताहमा बाह्र घण्टाभन्दा बढी समय काममा लगाउन हुँदैन।

(४) रोजगारदाताले बालबालिकालाई प्रत्येक दिन लगातार तीन घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय दिनु पर्नेछ र प्रत्येक सप्ताहमा एक दिन पारिश्रमिक सहितको बिदा दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको आराम गर्ने समय र विदाको समयलाई काम गरेको अवधि मानिनेछ।

(६) कुनै बालबालिकालाई एकै दिन एकभन्दा बढी रोजगादाताकोमा काममा लगाउन हुँदैन।

१०. **पारिश्रमिक र सुविधा** : (१) रोजगारदाताले श्रमिकको रूपमा काम गर्ने बालबालिकालाई लिङ्ग, वर्ण, धर्म वा जात जातिको आधारमा कुनै भेदभाव नगरी समान मूल्यको काममा समान पारिश्रमिक र सुविधा दिनु पर्नेछ।

(२) श्रमिकको रूपमा काम गर्ने बालबालिकालाई रोजगारदाताले श्रम सम्बन्धी प्रचलित कानूनबमोजिम तोकिएको भन्दा कम नहुने गरी पारिश्रमिक र भत्ता उपलब्ध गराउनु पर्नेछ।

(३) श्रमिकको रूपमा काम गर्ने बालबालिकालाई रोजगारदाताले सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनु पर्नेछ।

(४) श्रमिकको रूपमा काम गर्ने बालबालिकाले पाउने बिदा र अन्य सुविधा तोकिएबमोजिम हुनेछ।

११. **बालबालिकाको सुरक्षा र स्वास्थ्य** : (१) श्रमिकको रूपमा काम गर्ने बालबालिकाको सुरक्षा तथा स्वास्थ्यका सम्बन्धमा रोजगारदाताले प्रचलित कानूनबमोजिम तोकिएका मापदण्ड अवलम्बन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डका अतिरिक्त बालबालिकाको सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अवलम्बन गर्नु पर्ने मापदण्ड तोकिएबमोजिम हुनेछ।

१२. **दर्ता किताब राख्नुपर्ने** : (१) रोजगारदाताले श्रमिकको रूपमा काममा लगाइएका बालबालिकासँग सम्बन्धित देहायका विवरण खुलाइएको दर्ता किताब राख्नु पर्नेछ :-

(क) बालबालिकाको नाम र ठेगाना,

(ख) बाबु, आमा वा संरक्षक वा माथवर व्यक्तिको नाम र ठेगाना,

(ग) जन्म मिति र उमेर,

(घ) काममा लगाएको मिति,

(ङ) कामको प्रकृति,

(च) काम गर्नुपर्ने समय,

(छ) आराम गर्ने समय,

(ज) पारिश्रमिक तथा अन्य सुविधाहरू, र

(झ) तोकिए बमोजिमका अन्य वियष।

(२) उपदफा (१) बमोजिमको दर्ता किताब कार्यालय वा स्थानीय तहबाट निरीक्षणको क्रममा खटी आएको कर्मचारीले मागेको बखत रोजगारदाताले हेर्न दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको दर्ता किताबको बिवरण कार्यालयबाट माग भई आएमा रोजगारदाताले त्यस्तो विवरण प्रमाणित गरी कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

१३. **सूचना तथा स्वघोषणा टाँस्नु पर्ने** : (१) प्रतिष्ठानले बालबालिकालाई लगाउन नहुने काम, बालबालिकाले पाउने पारिश्रमिक र सुविधा तथा साप्ताहिक बिदाको दिन र बालबालिकालाई यस ऐन विपरीत काममा लगाएमा हुने सजाय सम्बन्धी व्यवस्थाहरू प्रतिष्ठानको सूचना पाटीमा टाँस्नु पर्नेछ।

(२) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने प्रतिष्ठानले स्थापना भएको तिस दिनभित्र र यो ऐन प्रारम्भ हुनुअघि स्थापना भई सकेको प्रतिष्ठानले यो ऐन प्रारम्भ भएको तिस दिनभित्र आफ्नो प्रतिष्ठानमा बालबालिकालाई यस ऐन विपरीत काममा नलगाउने प्रतिबद्धता सहितको मन्त्रालयबाट निर्धारित ढाँचामा स्वघोषणा गरी सम्बन्धित स्थानीय तहमार्फत कार्यालयमा पेस गर्नु पर्नेछ र त्यस्तो स्वघोषणा आफ्नो प्रतिष्ठान र कार्यस्थल परिसरमा सर्वसाधारणले देख्ने गरी टाँस्नु पर्नेछ।

परिच्छेद-३
निरीक्षण तथा पुनर्स्थापना सम्बन्धी व्यवस्था

१४. **निरीक्षण गर्ने** : (१) कुनै रोजगारदाताले यस ऐनबमोजिम बालबालिकालाई काममा लगाएको वा नलगाएको यकिन गर्न कार्यालय वा स्थानीय तहले बालबालिकालाई काममा लगाउने रोजगारदाताको काममा लगाउने स्थलको तीन महिनामा कम्तीमा एक पटक निरीक्षण गर्नु पर्नेछ।

(२) दफा २२ बमोजिम कुनै उजुरी प्राप्त भएमा वा कुनै रोजगारदाताले यस ऐन विपरीत बालबालिकालाई काममा लगाएको भन्ने कुनै माध्यमबाट जानकारी प्राप्त भएमा कार्यालयले आफू अन्तर्गतको कुनै कर्मचारीलाई त्यस्तो रोजगारदाताको काममा लगाउने स्थलको निरीक्षण गर्न खटाउनु पर्नेछ।

(३) उपदफा (१) वा २) बमोजिम निरीक्षण गर्न खटिएको कर्मचारीलाई रोजगारदाताले अभिलेख राखी जुनसुकै समयमा प्रवेश गर्न र आवश्यक निरीक्षण गर्न दिनु पर्नेछ। यसरी निरीक्षण गर्न खटिएको कर्मचारीले हेर्न र बुझ्न चाहेको विषयवस्तु त्यस्तो रोजगारदाताले उपलब्ध गराउनु पर्नेछ।

१५. **<u>कामबाट अलग गराउने</u>** : (१) दफा १४ बमोजिम निरीक्षण गर्दा यस ऐन विपरीत बालबालिकालाई काममा लगाएको पाइएमा निरीक्षण गर्ने अधिकारीले त्यस्तो बालबालिकालाई कामबाट अलग गर्न लगाई यथाशीघ्र निजको बाबुआमा वा संरक्षकको जिम्मा लगाउन रोजगारदातालाई आदेश दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेशको पालना गर्नु रोजगारदाता तथा बाबुआमा वा संरक्षकको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम बालबालिकाको बाबुआमा वा संरक्षक नभएमा वा पत्ता नलागेमा त्यस्तो बालबालिकालाई रोजगारदाताले सम्बन्धित स्थानीय तहको बाल कल्याण अधिकारी वा स्थानीय तहबाट खटिएको कर्मचारी वा कार्यालयको समन्वयमा तोकिए बमोजिमको अवधिसम्मको लागि उपयुक्त अस्थायी संरक्षण सेवाको प्रबन्ध गरी राख्नु पर्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम बालबालिकालाई निजको बाबुआमा वा संरक्षकको जिम्मामा लगाउने क्रममा लाग्ने खर्च वा अस्थायी संरक्षण सेवामा राख्दा लाग्ने खर्च रोजगारदाताले व्यहोर्नु पर्नेछ।

१६. **<u>बालबालिकाको पुनर्स्थापना</u>** : (१) दफा १५ बमोजिम कामबाट अलग गरी सो दफाको उपदफा (३) बमोजिम अस्थायी संरक्षण सेवामा राखिएका बालबालिकालाई सो उपदफा बमोजिमको अवधिभित्र स्थानीय तहले वैकल्पिक हेरचाहको व्यवस्था गरी त्यस्तो बालबालिकाको उमेर अठार वर्ष नपुगेसम्म पुनर्स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बालबालिकालाई पुनर्स्थापनाको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पुनर्स्थापना केन्द्र सञ्चालन गर्न सक्नेछ।

१७. **<u>निरीक्षण प्रतिवेदन</u>** : दफा १४ बमोजिम निरीक्षण गर्ने कर्मचारीले देहायका विवरण खुलाई निरीक्षण समाप्त भएको मितिले सात दिनभित्र कार्यालय र स्थानीय तहमा प्रतिवेदन पेस गर्नु पर्नेछ :-

(क) कुनै रोजगारदाताले यो ऐन विपरीत बालबालिकालाई काममा लगाए नलगाएको वा काममा लगाइएका बालबालिकाको सुरक्षा र स्वास्थ्यको लागि गर्नुपर्ने व्यवस्था गरे वा नगरेको विवरण,

(ख) दफा १५ र १६ बमोजिम भए गरेका कामकारबाहीको विवरण,

(ग) रोजगारदातालाई यस ऐनबमोजिम हुनसक्ने सम्भावित सजाय र सजाय गर्नसक्ने अधिकारी, र

(घ) रोजगारदाताको कारण पीडित बालबालिकाको शिक्षा, शारीरिक तथा मानसिक स्वास्थ्य विकास र परिवारमा कुनै हानी नोक्सानी पुगेको भए सोको विवरण।

१८. **कार्यालयले आदेश दिने** : (१) दफा १७ बमोजिमको निरीक्षण प्रतिवेदनबाट कुनै रोजगारदाताले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम गर्नुपर्ने कुनै व्यवस्था नगरेको देखिएमा सम्बन्धित कार्यालयले त्यस्तो व्यवस्था गर्न बढीमा पन्ध्र दिनको म्याद तोकी रोजगारदातालाई आदेश दिनेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षणको लागि खटाउने निकायले दिएको म्याद भित्र रोजगारदाताले आदेश बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ।

१९. **सुविधा रोक्का राख्ने** : (१) दफा १८ बमोजिम दिएको आदेशबमोजिम सम्बन्धित रोजगारदाताले आवश्यक व्यवस्था नगरेमा कार्यालयले त्यस्तो रोजगारदातालाई प्रचलित कानूनबमोजिम दिईने सुविधा तोकिएको अवधिसम्मको लागि रोक्का गर्न सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले त्यस्तो रोजगारदाताले पाउने सुविधा रोक्का गरी त्यसको जानकारी सम्बन्धित कार्यालयमा दिनु पर्नेछ।

परिच्छेद- ४
सजाय, क्षतिपूर्ति, पुनरावेदन र उजुरी सम्बन्धी व्यवस्था

२०. **कसूर तथा सजाय** : (१) कसैले दफा ३ को उपदफा (१) विपरीत कुनै काम गरेमा निजलाई तीन महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(२) कसैले दफा ३ को उपदफा (२) बमोजिमको काममा लगाउँदा दफा ९ को उपदफा (३) विपरीत काममा लगाएमा निजलाई छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(३) कसैले दफा ३ को उपदफा (३) वा दफा ४ विपरीत कुनै काम गरेमा निजलाई एक वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(४) कसैले उपदफा (१), (२) वा (३) बमोजिम एक पटक सजाय पाईसकेपछि पनि पुनः उपदफा (१), (२) वा (३) विपरीतको कुनै काम गरेमा निजलाई पटकै पिच्छे सोही उपदफामा उल्लिखित सजायको दोब्बर सजाय हुनेछ।

२१. **बालबालिकाको समूह बनाई काममा लगाएमा थप जरिबाना हुने** : कसैले दुई जना भन्दा बढी बालबालिकाको समूह बनाई काममा लगाएको भएमा निजलाई दफा २० बमोजिमको सजायको अतिरिक्त त्यसरी काममा लगाइएका प्रत्येक बालबालिका बापत पचास हजार रुपैयाँको दरले थप जरिबाना हुनेछ।

२२. **उजुरी दिनसकिने** : (१) कुनै रोजगारदाताले यो ऐन विपरीत बालबालिकालाई काममा लगाएमा पीडित बालबालिका वा निजको बाबुआमा, अभिभावक, संरक्षक वा अन्य जुनसुकै व्यक्तिले सो व्यहोरा खुलाई कार्यालय वा स्थानीय तहमा उजुरी दिन सक्नेछ।

(२) दफा २० बमोजिमको कसूरसँग सम्बन्धित विषयमा उपदफा (१) बमोजिमको उजुरी दिँदा त्यस्तो कसूर भए गरेको वा पीडित बालबालिका अठार वर्ष उमेर पूरा गरेको मितिले छ महिनाभित्र दिइसक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको उजुरी स्थानीय तहमा प्राप्त भएमा सात दिनभित्र त्यस्तो स्थानीय तहले सो उजुरी आवश्यक कारबाहीका कार्यालयमा पठाउनु पर्नेछ।

(४) यस दफा बमोजिम उजुरी दिने उजुरीकर्ताले आफ्नो नाम तथा ठेगाना गोप्य राख्न चाहेमा कार्यालयले त्यस्तो उजुरीकर्ताको नाम र ठेगाना गोप्य राख्नु पर्नेछ।

२३. **जरिबाना गर्नसक्ने** : (१) दफा २० बमोजिमको कसूर बाहेक कुनै रोजगारदाताले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा कार्यालयको प्रमुखले निजलाई पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जरिबाना गर्नु अघि सफाइको उचित मौका दिनु पर्नेछ।

२४. **क्षतिपूर्ति भराइदिने** : यस ऐन विपरीत काममा लगाइएको पीडित बालबालिकाको शिक्षा, शारीरिक तथा मानसिक स्वास्थ्य विकास र परिवारमा पुगेको हानि समेतको विचार गरी दफा २० बमोजिमको कसूरको हकमा अदालतले र दफा २३ को उपदफा (१) बमोजिमको जरिबानाको हकमा कार्यालयको प्रमुखले मनासिब क्षतिपूर्ति रोजगारदाताबाट भराइ दिनु पर्नेछ।

परिच्छेद-५

कसुरको अनुसन्धान र मुद्दा दायर सम्बन्धी व्यवस्था

२५. **कसुरको अनुसन्धान** : (१) दफा १७ बमोजिमको निरीक्षण प्रतिवेदनबाट रोजगारदाताले दफा २० को उपदफा (१), (२) वा (३) बमोजिम सजाय हुन सक्ने काम गरेको देखिएमा कार्यालयको प्रमुखले कार्यालयको राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीलाई अनुसन्धान अधिकृत तोक्नेछ र त्यस्तो अनुसन्धान अधिकृतले प्रचलित कानूनबमोजिम अनुसन्धानको कार्य सम्पन्न गर्नेछ।

तर कार्यालयमा राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारी उपलब्ध नभएमा सो भन्दा मुनिको कर्मचारीलाई अनुसन्धान अधिकृत तोक्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान गर्दा अनुसन्धान अधिकृतले आवश्यकता अनुसार सुरक्षा निकायको सहयोग माग गर्न सक्नेछ र यसरी माग भए बमोजिमको सहयोग उपलब्ध गराउनु सुरक्षा निकायको कर्तव्य हुनेछ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "सुरक्षा निकाय" भन्नाले नेपाल प्रहरी वा प्रदेश प्रहरी सम्झनुपर्छ।

२६. **मुद्दाको दायरी** : (१) दफा २५ बमोजिम कसूरको अनुसन्धान सम्पन्न भई मुद्दा दायर गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकृतले आफ्नो राय सहित अनुसन्धानसँग सम्बन्धित प्रमाण सहितको मिसिल सम्बन्धित सरकारी वकील कार्यालयसमक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मिसिल प्राप्त भएमा सम्बन्धित सरकारी वकील कार्यालयले सो विषयमा मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गरी अनुसन्धान अधिकृतसमक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित सरकारी वकिल कार्यालयले मुद्दा चलाउनु पर्ने व्यक्ति तथा निज उपरको अभियोग, सजाय र अभियोगपत्रमा लिनुपर्ने दाबी समेत उल्लेख गरी उपदफा (८) बमोजिम मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी पठाउनु पर्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकिलको कार्यालयले मिसिल अध्ययन गर्दा सो विषयमा थप अनुसन्धान गर्नुपर्ने देखिएमा थप अनुसन्धान गर्नु पर्ने विषयवस्तु यकिन गरी सोको आधार र कारण सहित अनुसन्धान अधिकृतसमक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम कुनै विषयमा थप अनुसन्धान गर्ने गरी मिसिल प्राप्त भएकोमा अनुसन्धान अधिकृतले सो विषयमा थप अनुसन्धान गरी मुद्दा दायर गर्न प्रस्तावित अभियोगको मागदाबी सहितको मिसिल पुनः सम्बन्धित सरकारी वकील कार्यालयमा पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम मिसिल प्राप्त भए पछि सम्बन्धित सरकारी वकिलको कार्यालयले उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गरी अनुसन्धान अधिकृतसमक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने निर्णय भई मिसिल प्राप्त भए पछि अनुसन्धान अधिकृतले नेपाल सरकारको नामबाट मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम मुद्दा दायर गर्दा दफा २५ को उपदफा (१) बमोजिम अनुसन्धान अधिकृत तोकेको मितिले तिस दिनभित्र दायर गर्नु पर्नेछ।

(९) उपदफा (७) बमोजिम मुद्दा दायर गरेपछि प्रतिरक्षा गर्नको लागि अनुसन्धान अधिकृतले सम्बन्धित सरकारी वकील कार्यालयमा मिसिल पठाउनु पर्नेछ।

२७. **मुद्दा हेर्ने अधिकारी** : दफा २० को उपदफा (१), (२) वा (३) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा कार्यालय रहेको जिल्लाको जिल्ला अदालतले गर्नेछ।

२८. **पुनरावेदन** : (१) दफा २७ बमोजिम जिल्ला अदालतले गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले फैसला भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(२) दफा २३ बमोजिम कार्यालय प्रमुखले गरेको जरिबाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो जरिबानाको आदेश पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

२९. **नेपाल सरकार वादी हुने** : दफा २० बमोजिमको कसुर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ।

परिच्छेद-६
विविध

३०. **बालबालिकाको वास्तविक उमेरको गणना** : कुनै बालबालिकाको उमेर सम्बन्धी विवाद परेमा त्यस्तो बालबालिकाको उमेर देहायका आधारमा गणना गरी निर्धारण भएको उमेर नै वास्तविक उमेर मानिनेछ :-

(क) जन्म दर्ता प्रमाणपत्रका आधारमा,

(ख) खण्ड (क) बमोजिमको प्रमाणपत्र नभएमा स्वास्थ्य संस्थाबाट जारी भएको बालबालिकाको जन्म प्रमाणपत्रको आधारमा,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्र वा विद्यालय भर्ना हुँदाका बखत भर्ना किताबमा उल्लेख गरेको जन्म मिति विद्यालयबाट प्रमाणित कागजात वा प्रमाणको आधारमा, र

(घ) खण्ड (ग) बमोजिमको प्रमाण वा कागजात नभएमा चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गराई निश्चित गरिएको उमेर।

३१. **राष्ट्रिय बालश्रम निवारण समिति** : (१) बालश्रम निषेध र नियमित गर्ने सम्बन्धमा आवश्यक राय सुझाव प्रदान गर्न तोकिए बमोजिमको राष्ट्रिय बालश्रम निवारण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा बालश्रम निवारणको क्षेत्रमा कार्यरत सरकारी, गैह्रसरकारी संस्था, रोजगारदाता र श्रमिक सङ्गठन तथा विशेषज्ञको समुचित प्रतिनिधित्वको व्यवस्था गरिनेछ।

(३) बालश्रम निवारण समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ।

३२. **बालश्रम निवारण कोष** : (१) नेपाल सरकारले यो ऐन विपरीत काममा संलग्न बालबालिकाको उद्धार, राहत, पुनर्स्थापना लगायत बालबालिकाको सर्वोत्तम हितका लागि आवश्यक व्यवस्था गर्न बालश्रम निवारण कोषको नामले एक कोष स्थापना गर्न सक्नेछ :-

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त सहयोग रकम,

(ग) अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त सहयोग रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा व्यवस्थापन तोकिएबमोजिम हुनेछ।

३३. **निर्देशन** दिनसक्ने : (१) बालबालिकाको हक, हित र सुरक्षाको लागि कार्यालय, बाल कल्याण अधिकारी वा स्थानीय तहले रोजगारदाता, बालगृह र बालबालिकाको हेरचाह गर्ने संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

३४. **सूचना तथा तथ्याङ्कको एकीकृत अभिलेख** : (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले यस ऐन बमोजिम भए गरेका काम कारबाहीको सूचना तथा तथ्याङ्कको अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले अभिलेख गरेको सूचना तथा तथ्याङ्कलाई स्थानीय तहले सम्बन्धित प्रदेशको बालश्रम हेर्ने मन्त्रालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त सूचना तथा तथ्याङ्कलाई मन्त्रालयले एकिकृतरूपमा अभिलेख गरी राख्नु पर्नेछ।

३५. **अनुसूचीमा हेरफेर गर्नसक्ने** : मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

३६. **नियम बनाउने अधिकार** : यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३७. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनसक्ने** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

३८. **खारेजी र बचाउ** : (१) बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ खारेज गरिएको छ।

(२) बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (२) र दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

हलुका किसिमका कामहरू

क्र.सं.	हलुका किसिमका कामको विवरण	शर्त वा सुरक्षा उपाय
(क) कृषि तथा पशुपालनसम्बन्धी काम		
१	करेसाबारीमा बिउ छर्ने, बिरुवा रोप्ने, सिँचाइ र हल्का गोडमेल गर्ने	वयस्क व्यक्तिको निगरानीमा
२	फूल टिप्ने र फूलबारी सम्भार गर्ने	सामान्य औजार प्रयोग गरी
३	फलफूल टिप्ने (हात पुग्ने उचाइसम्म)	गह्रौं भार नबोकी
४	पशुलाई घाँसपात र दाना खुवाउने, दूध दुहुने सहयोग गर्ने तथा चराउने	वयस्क व्यक्तिको निगरानीमा
५	अन्नबालीको रेखदेख गर्ने र सिचाँई गर्ने	रासायनिक मल वा कीटनाशक प्रयोग नगरी
(ख) घरायसी काम		
१	घर बढार्ने र सरसफाइ गर्ने	मास्क, पन्जा लगायतका व्यक्तिगत सुरक्षा उपकरणहरू प्रयोग गरी
२	हलुका भाँडा माझ्ने र भान्सामा सहयोग गर्ने (हल्का)	आगो वा तातो ग्याँस चलाउन नपाइने गरी
३	सानो भाइबहिनीको रेखदेख र स्याहार गर्ने	वयस्ककको उपस्थितिमा
४	वासिङ्ग मेसिनबाट लुगा धुने	सञ्चालन सम्बन्धी तालिम दिएर मात्र काममा लगाउने
५	बजारबाट हलुका तौलका सामान ल्याउने	तीन किलोसम्मको तौल मात्र
६	सामान्य कुटानी, पिसानी सम्बन्धी कार्य गर्ने	गह्रौं भार नपर्ने सामान्य काम मात्र
७	बाबु-आमा अभिभावकले लाए अन्हाएका सामान्य घरायसी काम	गह्रौं भार नपर्ने सामान्य काम मात्र
(ग) हस्तकला तथा सीप सम्बन्धी काम		
१	ऊनी धागो कात्ने र बुन्ने	राम्रो प्रकाश र हावा चल्ने वातावरणमा
२	हातले टोकरी बुन्ने	तीखो औजार प्रयोग नगरी
३	हातले माटाको भाँडा बनाउने	भट्टी वा उच्च तापक्रमबाट टाढा रहेर
४	हातले साधारण सिलाई गर्ने तथा टाँक लगाउने	सिलाई मेसिन प्रयोग नगरी
५	माला बुन्ने तथा सामान्य सजावट गर्ने	धुलो र रसायनबाट सुरक्षित वातावरणमा

(घ) व्यापारिक तथा कार्यालय सम्बन्धी काम		
१	पसलमा सामान मिलाउने र सामान्य सरसफाइ गर्ने	सामान्य औजार प्रयोग गरी
२	कागजात फाइलिङ्ग गर्ने र ओसारपसार गर्ने	गन्हौं भार नबोकी र सवारी सञ्चालन नगरी
३	सामान बिक्रि वितरण गर्ने	हलुका किसिमका सामान मात्र
४	विल काट्ने तथा हिसाब राख्ने	सामान्य कारोबारको मात्र
५	पुस्तकालय वा कार्यालयमा सहयोगी काम	मानसिक दबाब नहुने कामसम्म मात्र
६	टेलिफोन उठाउने, आगन्तुकलाई जानकारी दिने लगायतका स्वागत (रिसेप्सन) सम्बन्धी कार्य	रात्रीकालीन समय बाहेक र सुरक्षित वातावरणमा
(ङ) सामुदायिक तथा सामाजिक काम		
१	सार्वजनिक बगैंचा एवम् विद्यालय परिसर सरसफाइ	मास्क, पन्जा, जुत्ता लगायतका व्यक्तिगत सुरक्षा उपकरणहरू प्रयोग गरी
२	पुस्तकालयमा पुस्तक व्यवस्थापन	गन्हौं भार नबोकी
३	साना बालबालिकाहरूलाई ट्यूशन पढाउने वा साक्षरता अभियानमा सहयोग गर्ने	अभिभावकको निगरानी र सहमतिमा
४	धार्मिक-साँस्कृतिक कार्यक्रम, विद्यालयका नाटक वा सुरक्षित सञ्चार माध्यमका कार्यक्रमहरूमा सहभागिता	रात्रीकालीन समयबाहेक र सुरक्षित वातावरणमा

अनुसूची- २

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

जोखिमपूर्ण काम वा व्यवसाय

१. औद्योगिक तथा उत्पादनमूलक कार्य

(क) **गलैंचा र गार्मेन्ट उद्योग :** ऊन धुने, रङ्गाउने र रासायनिक पदार्थको प्रयोग गरी बुट्टा भर्ने कार्य; कपडा बुन्ने, धुने, रङ्गाउने तथा बुट्टा छाप्ने कार्य।

(ख) **इँटा भट्टा :** इँट्टाभट्टासँग सम्बन्धित सम्पूर्ण कार्य।

(ग) **छाला प्रशोधन :** काँचो छालालाई रसायन प्रयोग गरी प्रशोधन गर्ने कार्य।

(घ) **निर्माण सामग्री उत्पादन :** ढुङ्गा क्रसरमा काम गर्ने, बालुवा चाल्ने वा गिटी कुट्ने कार्य; ढुङ्गा फुटाउने, पहाड वा खोलाबाट ढुङ्गा निकाल्ने, ढुङ्गा तथा खानी विस्फोट गर्ने कार्य; खनिजको लोड र अनलोडसँग सम्बन्धित कार्य; स्टील तथा फलामजन्य निर्माण सम्बन्धी कार्य।

(ङ) **रसायन र विस्फोटक पदार्थ :** सलाई, विष्फोटक तथा अन्य आगजन्य पदार्थको उत्पादन र बिक्री वितरण; कीटनाशक औषधि वा रासायनिक मल उत्पादन र प्याकिङ्ग; रासायनिक पदार्थसँग सम्पर्क हुने कार्य; रङ्ग र रसायनको मिश्रण गर्ने, तताउने, भर्ने र डिस्पोजल गर्ने कार्य।

(च) **पेय पदार्थ उत्पादन** : बीयर, मदिरा तथा अन्य मदिराजन्य पदार्थको उत्पादन तथा बिक्रीवितरण सम्बन्धी कार्य।

(छ) **औषधि उत्पादन :** औषधिजन्य उत्पादनसँग सम्बन्धित काम।

(ज) **धातु सम्बन्धी :** भारी धातुको प्रयोग (सिसा, जस्ता, क्याडमियम आदि) तथा धातुको मूर्ति निर्माणसँग सम्बन्धित कार्य।

(झ) **अन्य औद्योगिक उत्पादन :** साबुन, बिटुमिन, पल्प र पेपर, स्लेट, पेन्सिल, लुब्रिकेटिङ्ग तेल उत्पादन; इलेक्ट्रोप्लेटिङ्ग; रबर सिन्थेटिक, प्लाष्टिक, सिसा, पारोसँग सम्बन्धित कार्य।

(ञ) **जरी र बुट्टा भर्ने काम :** गार्मेन्टमा सियो र धागोले लामो समयसम्म बसेर आँखा र शरीरलाई असर गर्ने गरी गरिने काम।

(ट) **उर्जा उत्पादन :** जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल वा ग्याँस, बायोग्याँस तथा यस्तै अन्य स्रोतबाट उर्जा पैदा गर्ने र त्यसको प्रसारण वा वितरणसँग सम्बन्धित काम।

२. खानी तथा उत्खनन क्षेत्र

(क) **भूमिगत खानी :** कोइला, चुनढुङ्गा वा बहुमूल्य धातुको उत्खनन् गर्ने; खानी, खनिज पदार्थ, प्राकृतिक तेल वा ग्याँसको उत्खनन्, प्रशोधन तथा वितरणसँग सम्बन्धित कार्यहरू।

(ख) **नदीजन्य उत्खनन :** गहिरो पानी वा नदीको बगरबाट ढुङ्गा र बालुवा सङ्कलन गर्ने कार्य।

३. सेवा तथा पर्यटन क्षेत्र

(क) **मनोरञ्जन क्षेत्र :** क्यासिनो, डान्स बार, नाईट क्लव, दोहोरी साँझ, मसाज पार्लर वा यौनजन्य शोषण हुन सक्ने स्थान; सर्कसमा काम गर्ने, बन्द कोठामा गर्ने काम।

(ख) **पर्यटन क्षेत्र :** तीन हजार मिटरभन्दा माथिको उचाइमा भारी बोक्ने, गाइड गर्ने वा हिमाल आरोहणमा संलग्न हुने काम; साहसिक पर्यटनसँग सम्बन्धित काम तथा व्यवसायहरू: रिसर्ट स्किइङ्ग, ग्लाईडिङ्ग, वाटर च्याफ्टिङ्ग, पोनी ट्रेकिङ्ग, पदयात्रा, हट एयर ब्यालुनिङ्ग, प्यारासेलिङ्ग, पोलो, अश्वरोहण, डुङ्गा चलाउने, बन्जी आदि।

(ग) **यातायात क्षेत्र :** बस, ट्रक, मिनीबस वा माइक्रोबसमा सहयोगीका रूपमा काम गर्ने; रिक्सा वा ठेलागाडा चलाउने काम।

(घ) **वधशाला र कोल्ड स्टोर :** पशुवध गर्ने, मासु काट्ने, पशुका विभिन्न अङ्ग सफा गर्ने, औद्योगिक शीत भण्डार भित्र गर्ने काम।

४. कृषि तथा वन क्षेत्रका जोखिमपूर्ण काम

(क) **विषादी प्रयोग :** खेतीपातीमा कीटनाशक विषादी वा औषधिजन्य स्प्रे गर्ने वा रासायनिक मल छर्ने वा मिसाउने काम र सो कार्य गरेको तीन दिनभित्र बाली लगाउने तथा फसल सङ्कलन गर्ने काम।

(ख) **मेसिनरी प्रयोग :** ट्रयाक्टर, थ्रेसर, कटिङ्ग मेशिन वा अन्य मेसिनरी औजार चलाउने काम।

(ग) **सुर्तीजन्य उद्योग :** सुर्तीका पात प्रशोधन गर्ने, बिँडी वा चुरोट उत्पादन गर्ने काम।

(घ) **काष्ठ उद्योग :** रुख काट्ने, काठ सङ्कलन, काठका मुडाहरू लोड अनलोड गर्ने काम।

(ङ) **जडिबुटी सङ्कलनः** उच्च हिमाली क्षेत्रको प्रतिकूल मौसम र अक्सिजन कम भएको ठाउँमा जडिबुटी सङ्कलन गर्ने काम।

५. शहरी तथा अनौपचारिक क्षेत्रका जोखिम

(क) **फोहोर व्यवस्थापन :** ढल सफा गर्ने, फोहोरको थुप्रोबाट कवाडी संकलन गर्ने वा हानिकारक फोहोर उठाउने, फोहोर मैला प्रशोधन गर्ने काम।

(ख) **वर्कशप र ग्यारेज :** वेल्डिङ गर्ने, ग्यास कटिङ गर्ने वा ब्याट्री र मोबिलको काम गर्ने; अटोमोबाइल लगायत बिजुलीबाट चल्ने उपकरण सहित मेसिनहरूको मर्मत तथा सरसफाइसँग सम्बन्धित काम।

(ग) **घरेलु श्रम :** परिवारबाट अलग भई तथा विद्यालय शिक्षाबाट बञ्चित भई आवासीय रूपमा घरेलु कामदारको रूपमा संलग्न हुने काम।

(घ) **माग्ने काम** : सडक, सार्वजनिक स्थल वा सवारीसाधनमा माग्ने कार्य।

(ङ) **सडक व्यापार** : सडक वा सडकपेटीमा सरसामान बोकेर वा राखेर बिक्री वितरण गर्ने काम।

६. अन्य जोखिमपूर्ण काम वा व्यवसाय

(क) निर्माणसँग सम्बन्धित काम।

(ख) जमिनमुनि, पानीमुनि र धेरै उचाइमा चढेर गर्नुपर्ने काम।

(ग) प्रचलित कानूनबमोजिम तोकिएका अन्य जोखिमपूर्ण काम।

बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको सैद्धान्तिक अवधारणापत्र :-

१. नयाँ ऐन बनाउनु पर्ने आवश्यकता:

बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्न तथा बालबालिकालाई अन्य काममा लगाउँदा उनीहरुको स्वास्थ्य, सुरक्षा तथा सेवा र सुविधाका सम्बन्धमा आवश्यक व्यवस्था गर्न बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लागु भई हाल कार्यान्वयनको अवस्थामा रहेको छ । देशमा भएको राजनैतिक परिवर्तनसंगै नेपालले संघीय शासन प्रणाली अंगिकार गरे संगै नेपालको संविधान २०७२ लागु भई विभिन्न कानूनहरु निर्माण एवं संशोधन भई लागु भईरहेको छ । नेपालको संविधान २०७२ मा राज्य व्यवस्था संचालनका लागि संघ, प्रदेश र स्थानीय तह गरी तीन वटा सरकार रहने व्यवस्था गरेको छ।

यसै सन्दर्भमा बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा समयसामयिक संशोधन गर्ने प्रकृया अगाडी बढाउने मिति २०७४।६।७ को यस मन्त्रालयको निर्णय बमोजिम संशोधन मस्यौदा तयार भई सरोकारवालहरुको राय/सुझाव २०७६ साल मा नै लिईएको थियो । तत पश्चात कानून, न्याय तथा संसदीय न्याय मन्त्रालयको च.नं. १२२ मिति २०७९।१०।०४ को पत्र मार्फत विधेयकहरुको प्राथमिकताक्रम निर्धारण गरी संघीय संसदमा पेश गर्न पत्राचार गरिएकोमा यस मन्त्रालयमा गठन भएको संशोधन मस्यौदा समितिको मिति २०८०।०५।१० को बैठकबाट नेपाल संघीय शासन व्यवस्था लागु भई तीन तहको शासन प्रणाली सञ्चालनमा रहेको सन्दर्भमा बालश्रम सम्बन्धी विभिन्न अन्तराष्ट्रिय महासन्धी तथा संघीयताको मर्म र मान्यता अनुकुल संघीय एकाईहरु बीच सहकारिता र समन्वय कायम हुने गरी विद्यमान बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लाई आधार लिई नयाँ ऐन प्रारम्भिक मस्यौदा तयार गर्ने निर्णय गरेको देखिन्छ । यसरी वर्तमान परिवर्तित परिस्थिती अनुकूल एवं संघीय शासन प्रणालीको मुल्य मान्यता अनुसार मौजुदा ऐनमा संशोधन गर्दा धेरै विषयवस्तुहरुमा संशोधन गर्नु पर्ने भएको र बालश्रम निवारणको प्रभावकारी कार्यान्वयनको लागि नयाँ ऐनको तर्जुमा गर्नु पर्ने आवश्यकता रहेको।

(क) संवैधानिक कारण:

(अ) नेपालको संविधानको धारा १६ को उपधारा (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था रहेको।

(आ) धारा २० मा शोषण विरुद्धको हक सम्बन्धी व्यवस्था रहेको

(इ) धारा ३१ मा शिक्षा सम्बन्धी हक रहेको।

(ई) नेपालको संविधान धारा ३९ मा बालबालिकाको हक र सोही धाराको उपधारा (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन भन्ने व्यवस्था रहेको।

(उ) धारा ४३ सामाजिक सुरक्षाको हक अन्तर्गत बालकालिकालाई सामाजिक सुरक्षाको हक हुने व्यवस्था रहेको।

(ऊ) धारा ५१ **राज्यका नीतिहरुः** (झ) श्रम रोजगार सम्बन्धी नीति अन्तर्गत (३) मा बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने व्यवस्था रहेको।

(ख) अन्तराष्ट्रिय दायित्वः

देहाय बमोजिमका Convention नेपाल पक्ष राष्ट्र भएकोले दायित्व सिर्जना भएकोः-

(अ) संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि १९८९

(आ) रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी आई.एल.ओ. महासन्धी १९७३ (नं. १३८)

(इ) निकृष्ट प्रकारको बालश्रमसम्बन्धी आ.एल.ओ. महासन्धि १९९९ (नं. १८२)।

(ग) सर्वोच्च अदालतको फैसलाः

(अ) सरकारले घरेलु नोकर अर्थात Domstic Helper सम्बन्धी कानून नभएकोले हाल बालशोषण विरुद्ध कानून अपर्याप्त भएकोले बाल शोषण नियन्त्रण गर्न घरेलु नोकरसम्बन्धी कानून निर्माण गरि प्रभावकारी कार्यान्वयन गर्नु पर्ने । (सम्वत २०६१ सालको रिट नं. ३२१५)

(घ) सरकारको नीति तथा कार्यक्रमः

(अ) बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-८५) ले वि.स. २०७९ सम्ममा निकृष्ट तथा शोषणयुक्त बालश्रम तथा वि.स. २०८२ सम्म सबै प्रकारका बालश्रमको अन्त्य गर्ने उद्देश्य राखेको,

(आ) स्थानीय तहहरुलाई बालश्रममुक्त पालिका घोषणा कार्यक्रममा सहजता एवं सहजिकरणका लागि बालश्रममुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि, २०७७ तयार भई कार्यान्वयनमा रहेको ।

(इ) सोह्रौ योजनामा बालश्रम लगायत सबै प्रकारका श्रम शोषण अन्त्य गर्ने **लक्ष्य रहेको ।**

(ङ) अन्य कुनै कारणः

(अ) श्रम ऐन, २०७४ को दफा ५ मा कसैले पनि बालबालिकालाई कानून विपरित हुने गरी काममा लगाउन नपाउने व्यवस्था रहेको ।

(आ) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत उपदफा (२) (ग) को बुँदा नं. (३२) मा बालविवाह, बहुविवाह, लैङ्गिक हिँसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने भन्ने व्यवस्था रहेको ।

(इ) कानून, न्याय तथा संसदीय न्याय मन्त्रालयको च.नं. १२२ मिति २०७९।१०।०४ को पत्र मार्फत विधेयकहरुको प्राथमिकताक्रम निर्धारण गरी संघीय संसदमा पेश गर्न पत्राचार गरिएको ।

(इ) संघीय संसद, प्रतिनिधि सभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको च.नं. ४१ मिति २०८१।५।९ को पत्रबाट समितिको मिति २०८१।५।७ निर्णयानुसार बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लाई संशोधन गर्ने विधेयक चालु अधिवेशमै सदनमा पेश गर्न निर्देशन भएको ।

(उ) दिगो विकास लक्ष्यको टार्गेट ८.७ मा सन् २०२५ भित्रमा सबै प्रकारका बालश्रमको अन्त्य गर्ने रहेको ।

(ऊ) दिगो विकास लक्ष्यको टार्गेट १६.२ मा बालबालिका विरुद्धका सबै प्रकारका दुर्व्यवहार, शोषण, बेचविखन लगायत हिंसा र यातनाको अन्त्य गर्ने रहेको ।

२. नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धी:

प्रस्तुत ऐन बनाई कार्यान्वयन भए पश्चात संविधानमा व्यवस्था भएको बालबालिका सम्बन्धी हक अधिकार सुनिश्चित भई संवैधिनिक व्यवस्थाको कार्यान्वयन हुने, बालश्रम लगायत बालबालिका सम्बन्धी विभिन्न अन्तराष्ट्रिय प्रतिवद्धताहरु कार्यान्वयन हुने, बालश्रमको अन्त्य भई अन्तराष्ट्रियस्तरमा नेपालको छवि उच्च राख्नमा सहयोग पुग्ने ।बालबालिकाहरुलाई नियम विपरित जोखिमयुक्त लगायतको काममा लगाउने व्यक्ति/संघ संस्थाहरुलाई कानून बमोजिम दण्डित गरी बालश्रम प्रयोगको न्यूनिकरण एवं अन्त्य भई बालश्रमको समस्या सम्बोधन हुन सक्ने ।

३. प्रस्तावित विषयमा मौजुदा कानून भए:

(क) ऐनको नाम: बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

(ख) नियमावलीको नामः बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२

४. मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सोको कारण:

वि.सं. २०५६ साल अर्थात करिव २५ बर्ष अगाडी देखि हालसम्म बालश्रम निवारण सम्वन्धमा निर्माण भएको मौजुदा कानून बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ कार्यान्वयनमा रहेको छ । नेपालमा हाल संघीयता स्थापना भई संघीय राज्य संरचनामा राज्य व्यवस्था संचालनमा रहेकोले बालश्रम निवारण सम्वन्धमा निर्माण भएको मौजुदा कानून बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा संघियताको मुल्य र मान्यता अनुसार र वर्तमान राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश एवं परिस्थित बमोजिम संशोधन गर्दा उक्त मौजुदा ऐनमा रहेको धेरै विषयवस्तुहरुमा संशोधन गर्नु पर्ने हुँदा बालश्रम निवारणका समस्या पूर्ण रूपमा सम्बोधन गर्न नसकेकोले मौजुदा ऐनलाई प्रतिस्थापन गरी समयानुकुल नयाँ कानून बनाउन आवश्यक देखिएको छ।

५. प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको हो:

(क) नेपालबाट सबै प्रकारको बालश्रम पूर्ण रुपमा निवारण गरी मुलुकलाई बालश्रमरहित बनाउने उद्देश्यका साथ नेपाल सरकारले मिति २०७५।३।२४ को मन्त्रिपरिषद्को निर्णयबाट बालश्रम निवरण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) तयार भई कार्यान्वयनको चरणमा रहेको छ ।

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा गरिएका प्रतिवद्धताको कार्यान्वयनका लागि गाउँ/पालिका नगरपालिका तहबाट बालश्रमको अन्त्य गर्दै राष्ट्रलाई बालश्रमुक्त गर्नका लागि बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ निर्माण भई कार्यान्वयनको चरणमा रहेको छ ।

६. नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारी:

यस मन्त्रालयका सचिव, सम्बन्धीत महाशाखा प्रमुख, शाखा प्रमुख लगायत अन्य सरोकारवाला निकायका प्रतिनिधिहरु।

७. प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तराष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नाम:

(क) बालश्रम (निषेध र नियमन) संशोधन ऐन, २०१६ (भारत)

८. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोरा:

यस मन्त्रालयबाट ऐनको मस्यौदा तयारको लागि मस्यौदा सिफारिस समिति गठन भएको ।

९. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार:

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ कार्यन्वयनमा रहेको र प्रस्तुत विधेयकमा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने कुनै संरचना वा कार्यक्रम प्रस्ताव नगरिएकोले प्रस्तावित विधेयक हाल विद्यमान प्रशासनिक संरचना तथा सांगठनिक संरचनाबाट नै कार्यन्वयन गर्न सकिने भएकोले यस विधेयकबाट नेपाल सरकारलाई कुनै थप दायित्व पर्ने अवस्था देखिदैन।

१०. प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने:

नपर्ने।

११. प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनुपर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको:

हाल सिद्धान्त स्वीकृतिको लागि मात्र कारवाही अगाडि बढाइएकोले अहिलेलाई त्यस्तो राय आवश्यक नपर्ने तर अन्य निकायको राय एवं सहमति विधेयक तर्जुमाका बखत लिइनेछ।

१२. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरु:

(क) बालश्रम र बालकामको परिभाषा

(ख) बालश्रम निवारणमा प्रदेश र स्थानीय सरकारको भूमिका
(ग) बालबालिकाको उद्धार, पुनर्मिलन वा पुनस्थापना
(घ) निकृष्ट वा शोषणयुक्त काममा लगाउनेहरुलाई थप सजाय
(ङ) बालबालिकाको समुह बनाई काममा लगाएमा थप सजाय हुने
(च) उजुरी सम्बन्धी व्यवस्था
(छ) प्रारम्भिक अनुसन्धान र तहकिकात
(ज) मुद्दाको अनुसन्धान र दायर
(झ) मुद्दा हेर्ने अधिकारी सम्बन्धी व्यवस्था
(ञ) पुनरावेदन सम्बन्धी व्यवस्था
(ट) दण्ड, सजाय र क्षतिपूर्ति सम्बन्धी व्यवस्था
(ठ) निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने सम्बन्धी व्यवस्था